नेपाल सरकार

शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

SMS, IVR वा Website का माध्यम वाट माध्यमिक शिक्षा परीक्षा कक्षा-१०(एसइइ) नतिजा सम्बन्धी विवरण प्रकाशन सम्वन्धी म्याद थप गरिएको सूचना

सूचना प्रकाशित मिति-२०७४।०२।२९

माध्यमिक शिक्षा परीक्षा कक्षा-१०(एसईई)( नियमित तथा ग्रेड वृद्धि) को नतिजा सम्बन्धी विवरण परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गरी SMS , टेलिफोन ( IVR ) र Website सेवाका माध्यमबाट प्रकाशन गर्न चाहने इच्छुक संघ - संस्था वा कम्पनीले आफूले चाहेको सेवाको विवरण खोली तपसिल बमोजिम शर्तको अधीनमा रही मिति २०७४।२।३० गतेभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

- संघ - संस्था वा कम्पनी प्रचलित कानून वमोजिम दर्ता भएको हुनुपर्नेछ ।
- संघ - संस्था वा कम्पनी भ्याट/ प्यान मा दर्ता भएको हुनुपर्नेछ ।
- SMS वा IVR सेवाका लागि प्रत्येक सेवा प्रदायक संस्थाको सेवाग्राही संख्या प्रमाणित गर्ने प्रतिबद्धतासमेत निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।
- SMS वा IVR प्रत्येक सेवाका लागि रु ५०,००० धरौटी राख्नु पर्ने छ । Website मार्फत नतिजा प्रकाशनार्थ धरौटी रकम रु १५,०००। धरौटी राख्नु पर्नेछ ।
- उक्त रकम को.ले.नि.का. भक्तपुर मा रहेको धरौटी खाता नं १९-५१-९०७४ (कार्यालय कोड नं २९-३५०-०६) मा जम्मा गर्नु पर्ने छ ।
- सेवा उपलब्ध गराएबापत बुझाउनुपर्ने राजस्व दर पछि यकिन गरिनेछ ।
- परीक्षा संचालक समितिले नतिजा सम्बन्धी विवरण प्रकाशन गरेपछि मात्र नतिजा उपलब्ध हुनेछ ।
- नतिजा सम्वन्धी विवरण प्रकाशन भएको एक महिनापछि सेवा वन्द गर्नुपर्नेछ ।
- विगतमा यस्तो सेवा उपलव्ध गराउन नतिजा सम्बन्धी विवरण प्राप्त गरेका संस्थाहरुले विवरण प्रमाणित गराई राजस्व रकम जम्मा गर्न बाँकी भएमा राजस्व रकम जम्मा गरेपछि मात्र निवेदन दिन सक्नेछन् ।
- नतिजा सम्बन्धी विवरण उपलब्ध गराउने वा नगराउने अधिकार परीक्षा नियन्त्रण कार्यालयमा रहनेछ ।
- एसईईको नतिजा Website मा प्रकाशनार्थ सेवा प्रदायक संस्था बाहेक अन्यलाई उपलब्ध गराइने छैन ।
- अन्य आवश्यक शर्त हरु सम्झौता पत्रमा उल्लेख भए वमोजिम हुनेछ ।
- विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।